

# अर्थ

नेपाल-भारत पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत निगमले काम गरिरहेको छ। ट्यांकीको स्तरोन्नतीपछि अमलेखगन्जको भण्डारण क्षमता १६ हजार किलोलिटर हुने छ। नेपाल-भारत पेट्रोलियम पाइपलाइन परियोजनाको पाइप हालसम्म १४ किलोमिटर बिछ्याइएको छ।


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ९११०० | ८८१०० | ९११०० | ९११०० |
| सिमरा, बिरगंज, कलैया | ८९१४० | ८६१४० | ८९१४० | ८९१४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०१४० | ८७१४० | ९०१४० | ९०१४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ९११९५ | ८८१९५ | ९११९५ | ९११९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ९०११० | ८७११० | ९०११० | ९०११० |
| पोखरा, स्याङ्जा | ९०१६० | ८७१६० | ९०१६० | ९०१६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ असार २४, जुलाई ८, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।९० | ११०।५० |
| युरो १ को रू. | १२८।७६ | १२९।४६ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४५।४१ | १४६।२१ |
| स्विस फ्रन्क १ को रू. | ११०।७३ | १११।३४ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।४७ | ८१।९२ |
| क्यानाडियन डलर १ को रू. | ८३।६९ | ८४।१४ |
| सिङ्गापुर डलर १ को रू. | ८०।७८ | ८१।२२ |
| जापानी यन १० को रू. | ९।९४ | ९।९९ |
| चिनियाँ युआन १ को रू. | १६।५४ | १६।६३ |
| साउदी अरब रियाल १ को रू. | २९।३० | २९।४६ |
| कतारी रियाल १ को रू. | ३०।१९ | ३०।३५ |
| थाई भाट १ को रू. | ३।३१ | ३।३३ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।९२ | ३०।०८ |
| मलसियन रिङ्गिट १ को रू. | २७।२० | २७।३५ |
| दक्षिण कारियन वन १०० को रू. | ९।८३ | ९।८८ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।५१ |
| डेनिस क्रानर १ का रू. | १७।२८ |
| हङकङ डलर १ का रू. | १४।०० |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।



# पाइपलाइनबाट आउने इन्धन भण्डारण गर्न ४ वटा ट्यांकी बनाइँदै

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल-भारत पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत इन्धन भण्डारणका लागि ४ ठूला ट्यांकीको स्तरोन्ती भइरहेको छ। पाइपलाइनअन्तर्गत पूर्वाधार विकासको कामलाई तिव्रता दिइएको छ। मोतिहारीदेखि-अमलेखगञ्जसम्म पाइपलाइन विस्तार हुँदैछ।

१६ हजार किलोलिटर इन्धन मौज्दातको लागि ४ ट्यांकीलाई स्तरोन्नती गरिँदै छ। ३९ सय किलोलिटरका २ र ४१ सय किलोलिटरका २ ट्यांकीलाई स्तरोन्नती गरिँदै छ। इन्धनको बढिरहेको मागलाई सम्बोधन गर्नको लागि नेपाल आयल निगमले ४ पूरा ठूला ट्यांकीलाई स्तरोन्नती गरेर मौज्दात राख्नको लागि उपयुक्त बनाइँदै छ। पुराना ४ पुराना ट्यांकीलाई निगमले आधुनिक प्रविधिको प्रयोग गरी स्तरोन्नती गर्दै छ। यसका अलवा साना-साना ट्यांकीसमेत निगमसँग रहेको छन्। भौतिक पूर्वाधारको विकास पनि निगमले बनाउँदै गएको छ। भारतबाट परियोजनाका लागि चाहिने निर्माणका सामग्री आयात भइसकेको रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन परियोजनाका मेकानिकल इन्जिनियर शरद पौडेलले बताउनुभयो। नेपाल-भारत पेट्रोलियम पाइपलाइन परियोजनाको परियोजना अन्तर्गत निगमले अम्लेखगन्जमा भएको डिपोमा रहेको पुराना ट्यांकीलाई स्तरोन्नती गरी प्रयोगमा ल्याउने योजना अनुरुप पहिलो फेजमा काम भइरहेको निगमको भनाइ रहेको छ। आगामी दिनमा भने भण्डारणको क्षमतालाई विस्तार गर्ने निगमको योजना रहेको छ। निगमले भण्डार र पाइपलाइनबाट आएको इन्धनलाई लोड अनलोडको व्यवस्था मिलाउनको लागि समेत काम गरिरहेको छ। हाल एकपटकमा १० ट्याङकरले एकैपटक इन्धन भर्न सक्छन् भने निर्माण सम्पन्नपछि २० ट्याङकरले इन्धन भर्न सक्ने निगमको भनाइ छ।

अलेखगन्ज डिपोमा हाल १ सय ५० किलोलिटर इन्धनको माग रहँदै आएको छ। नेपाल-भारत पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत निगमले काम गरिरहेको छ। ट्यांकीको स्तरोन्नतीपछि अमलेखगन्जको भण्डारण क्षमता १६ हजार किलोलिटर हुने छ। नेपाल-भारत पेट्रोलियम पाइपलाइन परियोजनाको पाइप हालसम्म १४ किलोमिटर बिछ्याइएको छ। नेपाल आयल निगमले वैशाख महिनाबाट पाइप विछ्याउन शुरू गरेको थियो। निगमले बाराको जीतपुरबाट पाइप बिछ्याउने काम थालेको थियो। पहिलो चरणमा पाइपलाइनबाट डिजेल आयात गर्न लागिएको निगमले जनाएको छ। मोतीहारी-रक्सौल पेट्रोलियम पाइपलाइन ३२ दशमलव ७८ किलोमिटर रहेको छ, भने रक्सौल-अम्लेखगन्ज भने ३६ दशमलव २८ किलोमिटर रहेको छ।

कुल २ अर्ब ७५ करोड भारतीय रुपियाँमा परियोजना निर्माण हुन लागेको हो। त्यसमध्ये भारतीय आयल निगम (आईओसीं) को २ अर्ब र नेपाल आयल निगम (एनओसी) को ७५ करोड भारतीय रुपियाँ खर्च हुनेछ। बरैनी नाकाबाट आयात हुँदै आएको पेट्रोलियम पदार्थ भने अब मोतिहारीमा नै आईओसीले डिपो निर्माणसँगै सोही स्थानबाट आयात गर्नेछ। भारतबाट ल्याइएको करिब ११ मिटर लम्बाई रहेको १० दशमलव ७५ इन्च मोटाइको माइल स्टिल एमएस पाइपबाट प्रतिघण्टा २ सय ९४ किलोलिटर पेट्रोलियम पदार्थ आयात हुनेछ। रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन परियोजनाका मेकानिकल इन्जिनियर पौडेलका अनुसार हालसम्म ३७ किलोमिटरनै पाइप आएको र बाँकी अरू साना ठूला पाइप आउने क्रममा रहेको बताउनुभयो। अहिले पाइप बिच्छाउने मार्गमा पर्ने अवरोध हटाउने काम पनि जारी रहेको पौडेलले जानकारी दिनुभयो। साथै सडमार्गमा रहेको अवरोध हटाउँदै पाइलाइन विस्तार गरिँदै छ। परियोजनामा अरू थप पाइप बिच्छाउनको लागि रेडियोग्रफी टेस्ट गरिँदै वेल्डिङ गरी बिछ्याउनको तयार पारिँदै गएको समेत पौडेलले बताउनुभयो।

काम शुरू भएको १५ महिनामा भारतको मोतीहारीबाट निगमको अमलेखगन्जस्थित डिपोमा जोडिने निगमको दाबी छ। सन् २०१५ को अगस्ट २४ मा नेपाल आयल निगम र भारतीय आयल कर्पोरेसनबीच सो परियोजना निर्माण गर्ने सहमति भएको थियो। सहमतिमा काम शुरू भएको २ वर्षभित्र सक्ने सहमति भए पनि नाकाबन्दीले गर्दा आयोजनाले गति लिन सकेको।

# रामायण र बुद्ध पदमार्गमा धार्मिक पर्यटन प्रवर्द्धन गरिने

काठमाडौं, (नेस)

नेपाल र भारतको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने लक्ष्यका साथ रामायण र बुद्ध पदमार्गमा धार्मिक पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन हुने भएकोछ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार नेपाल र भारतका दुई देशको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने लक्ष्यका साथ दुई देशका उच्च पदाधिकारीबीच शुक्रबार बैठकमा भएको थियो।

बैठकले १४ बुँदे सहमतिपत्रमा हस्ताक्षार समेटिएका विषयवस्तुमा छलफल भएपछि दुई देशबीच पर्यटन क्षेत्रमा सहयोग आदान प्रदान तथा संयुक्त पर्यटन प्रवर्द्धन गर्ने सहमति भएको छ। सहमति अनुसार सरकारको माग अनुरुप भारतीय पक्षले भारतका सरकारी कर्मचारीलाई उपलब्ध गराउने एलटीसीमा नेपालमा पर्यटकको रुपमा भ्रमण गर्ने भारतीय सरकारी कर्मचारीलाई समेत उपलब्ध भारतीय पक्षले सकारात्मक रुपमा लिँदै सम्बन्धित मन्त्रालयबाट कार्य अघि बढाउने सहमति जनाएको छ।

सहमतिमा भनिएको छ-'पर्यटन क्षेत्रको विकासको लागि दुई देशबीच विभिन्न नाका जोड्ने सडक तथा पुलको निर्माण कार्यमा शीघ्रता ल्याउने, दुई देशका निजी क्षेत्रले संयुक्त रुपमा रामायण सर्किट, बुद्धिस्ट सर्किट र साहसिक पर्यटनको प्रवर्द्धन र बजारीकरण गर्ने निर्णय भएको भनिएको छ। यस्तै नेपालको धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि जनकपुरमा मिथिला म्युजियम स्थापना गर्न भारतीय पक्षले सहयोग गर्ने भएको छ। नेपाली पक्षको माग अनुरुप भारतीय हिमाल आरोहण गर्ने नेपाली नागरिकलाई सहजरूपमा आरोहण प्रमाणपत्र उपलब्ध गराउन तथा नेपालमा स्कीको विकासका लागि भारतीय पक्षले प्राविधिक सहायता उपलब्ध गराउने विषयमा पनि छलफल भएको छ।

नेपालमा पर्यटन विश्वविद्यालय स्थापना गर्ने कार्य अघि बढिरहेको सन्दर्भमा दुई देशबीच गुणस्तरीय पर्यटन जनशक्ति विकासका लागि फइनान्सिलिटी एक्स्चेन्ज इन्टेन्सिप प्रोग्राम लगायत विभिन्न किसिमका सहयोग आदान प्रदान गर्ने निर्णय समेत बैठकले गरेको छ। दुई देशबीच पर्यटनको सम्भाव्यता, प्रवर्द्धन र बजारीकरणमा सहकार्यका विभिन्न कार्य अगाडि बढाउन दुवै देशका निजी क्षेत्रको सहभागितामा इन्डो नेपाल टुरिजम् फोरम शीघ्र गठन गरी आवश्यक कार्य अघि बढाउने निर्णय भएको छ।

उक्त बैठकमा नेपाल पक्षले बुद्ध दर्शनसँग सम्बन्धित प्रवर्द्धनात्मक द्वार सुनौलीको बेलहियास्थित नेपाल-भारत सिमानामा संयुक्त रुपमा निर्माण गर्ने प्रस्तावसमेत राखेको थियो। सन् २०२० लाई नेपाल भ्रमण वर्ष मनाउने तयारी गरिरहेको अवस्थामा नेपालको प्रमुख पर्यटन स्रोत बजारको रुपमा रहेको भारतसँग भएको उक्त सहमतिले सरकारी तथा निजीस्तरमा पर्यटन प्रवर्द्धन गरी नेपालमा गुणस्तरीय भारतीय पर्यटकको आगमनमा उल्लेखनीय योगदान पुऱ्याउने अपेक्षा यस मन्त्रालयले गरेको छ।

दुई देशबीच सन् २०१४ नोभेम्बर २५ मा पर्यटन क्षेत्रमा विविध सहयोग आदानप्रदान गर्ने एक समझदारीपत्रमा हस्ताक्षर भएको थियो। सोही समझदारीअनुसार दुई देशबीच गठित संयुक्त कार्यदलको बैठक यसअघि १९ फेब्रुअरी २०१५ मा भएको थियो।

# कर दाखिला नगर्नेलाई कारबाही गरिने

वीरगन्ज, (नेस)

वीरगन्जमा रहेको आन्तरिक राजस्व कार्यालयले लामो समयदेखि राजस्व दाखिला नगर्ने चार दर्जन व्यावसायिक फर्म तथा कम्पनीलाई कारबाही गर्ने भएको छ। एक लाखदेखि करोडौं रुपियाँसम्म कर नबुझाउने ५० वटा व्यापारिक फर्मलाई उसले कारबाही शरू गरेको हो।

पहिलो कर बुझाउन आउन १५ दिने सूचना जारी गरेको र त्यसको म्याद जेठ १२ गते सकिसकेकाले आयकर ऐन २०५८ तथा मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम ती व्यापारिक फर्मलाई अब कारबाहीको प्रक्रिया शुरू गरिएको कर अधिकृत चन्दनकुमार कर्णले बताउनुभयो।

उहाँले ती कम्पनीको घर-जग्गा बैंक खाता रोक्का राख्ने जानकारी दिनुभयो। त्यसबाहेक ती कम्पनीको आयात निर्यात पनि रोक्का राखिने उहाँको भनाइ छ। कर दाखिलाको लागि टेलिफोन, इमेल एसएमएस, स्थलगत गएर जानकारी दिइएको तथा पत्रिकामार्फत सूचना समेत प्रकाशित गरिएको कर अधिकृत कर्णले बताउनुभयो। वीरगन्जमा ५० वटा कम्पनीले करिब १२ करोडभन्दा बढी बराबरको कर दाखिला गरेका छैनन्।


राजेश रौनियारको नारायणी ट्रेड लिंक, रामचन्द्र मिश्र ब्राहमणको शिखा इन्टरप्राइजेज एन्ड कन्सर्न, मुन्ना प्रसाद बानियाको भी. मल्टी कन्सर्न, रामेश्वरप्रसाद अर्यालको कम्प्युट्रोनिक कलर ल्याब, दीपेन्द्रसाह कानु र अवधेश प्रसाद तेलीको शिवम् ट्रेडर्स, ज्योति केडियाको महादुर्गा स्क्रीन प्रोडक्टस, सञ्जय गिरीको आकाश इन्टरप्राइजेज, राजेशप्रसाद रौनियारको मनिष कन्सट्रक्सन छन् भने रामनारायण साह तेलीको प्रदीप सप्लाई सेन्टर, शारदा कन्सट्रक्सन, ध्रुव कार्कीको डीएस मोना जेभीलगायतका ५० कम्पनीमाथि कारवाही भइरहेको कार्यालयले जानकारी दिएको छ।


## कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रकाशित मिति २०७५/०३/२४**

उपरोक्त सम्वन्धमा यस संस्थाको सदस्य नं. १०२० का ऋणी श्री लक्ष्मी नेपालले यस संस्थावाट लिनु भएको कर्जाको व्याजहरु समय समयमा बुझाउनु पर्नेमा बुझाउने कुनै चासो नदेखाउनु भएको साथै सात महिना देखिको व्याज भुक्तानी गर्नुपर्ने बाकी रहेको जानकारी पटक पटक टेलिफोन र पत्रबाट दिदा दिदै वेवास्ता गरि पत्र नबुझ्ने साथै फोनमा समेत सम्पर्कमा नआई फोन काटि दिने गरि सम्पर्कमा समेत नआउनु भएकोले तपाई ऋणीलाई समयमै संस्थामा सम्पर्क राखी ३५ दिन भित्र संस्थाको बक्यौता व्याज बुझाउनुहुन अनुरोध गरी यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचनालाई पनि वेवास्ता गरि व्याज नबुझाएमा संस्थाको वचत रकमको संरक्षण हेतु संस्थामा धितो सुरक्षणमा राखिएको तपसिल बमोजिमको घरजग्गा लिलाम बिकीमा राखि संस्थाको साँवा व्याज असुल उपर गरि लिने समेत जानकारी गराइन्छ।

**तपसिल**

| ऋणीको तीनपुस्ते विवरण | ऋणीको फोटो | जमानीको तीनपुस्ते विवरण | जमानीको फोटो |
|---|---|---|---|
| नाम : लक्ष्मी नेपाल<br>ससुरा : कृष्ण बहादुर<br>बुवा : ध्रुब नेपाल<br>पति : पिटर खड्का<br>ना.प्रं नं. : ६६८४८<br>जारी मिति : २०५३/०६/२०<br>जारी स्थान : जिल्ला प्रशासन कार्यालय, नुवाकोट |  | नाम : पिटर खड्का<br>बुवा : कृष्ण बहादुर<br>नाता : ऋणीको श्रीमान् |  |

**जग्गाको विवरण**

| नाम | जिल्ला | गा.वि.स/ न.पा | वडा नं. | किता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| लक्ष्मी नेपाल | काठमाडौं | धर्मस्थली | ३ | ७०२ | ०-४-०-२ | सो जग्गा र पछी भविष्यमा निर्माण हुने भवन तथा लिग लगापात समेत। |

**सुबिस्ता बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
का.म.न.पा. १७ वडा ठँहिटि, काठमाडौं
फोन नं. ४२५०६२२/०१६९१३७५८/४२२३५८१


# दिल्ली-पोखरा बसमा अवैध कपडा ओसारपसार



कपिलवस्तु, (नेस)

भारतको दिल्लीबाट नेपालको पोखरातर्फ आउँदै गरेको बसबाट १ लाख ५ हजार बराबरको अवैध कपडा बरामद गरिएको छ। अस्थायी प्रहरी पोष्ट सुरक्षा जाँच चौकी, लिंकगेट-कृष्णनगरका प्रहरी नायब निरीक्षक पवन पछाई नेतृत्वको टोलीले नेपाल प्रवेश गरेको बसमा चेकजाँच गर्दा लेडिज साडी ४८ थान र लेडिज सुट ८९ थान बरामद गरेको हो।

पोखरा-दिल्ली चल्ने ना ५ ख २०३० नम्बरको बस कृष्णनगर भन्सार कार्यालयमा लगेर चेकजाँच गर्दा एसी जडान गर्ने स्थानबाट र लाइटभित्र लुकाइराखेको अवस्थामा भन्सार छलीका अवैध कपडा बरामद गरिएको प्रहरी नायब निरीक्षक पछाईंले जानकारी दिनुभयो। अवैध सामान फेला परेपछि चालक र बसलाई नियन्त्रणमा लिएको कृष्णनगर भन्सारका प्रमुख भन्सार अधिकृत पुण्य विक्रम खड्काले जानकारी दिनुभयो। यात्रु बोक्ने बसले भारतबाट भन्सार छलेर अवैध सामान ओसार पसार गरेकाले नियन्त्रणमा लिई थप अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रमुख भन्सार प्रमुख खड्काको भनाइ छ।

यसैबीच कपिलवस्तु प्रहरीले ३० हजार बराबरको लेडिज कुर्ता शुरूवाल बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय कपिलवस्तुबाट सिभिलमा खटिएको प्रहरी हवल्दार श्याम चौधरीको टोलीले कृष्णनगर १, शिवानगरबाट ६० पिस लेडिज कुर्ता शुरूवाल बरामद गरेको हो।

लु ३ प ८१८८ नम्बरको मोटरसाइकलमा भन्सार छलेर अवैध रुपमा भारतबाट नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा सो कपडा बरामद गरिएको इलाका प्रहरी कार्यालय कृष्णनगरका प्रहरी निरीक्षक सूर्य बहादुर बोगटीले जानकारी दिनुभयो। बरामद गरिएको कपडा कृष्णनगर भन्सार चलान गरिएको प्रहरी निरीक्षक बोगटीले जनाउनुभयो।

## प्राथमिकतामा प्रदेश विकास

# भौतिक पूर्वाधार विकासमा साढे ३७ प्रतिशत

**नेपाल समाचारपत्र**

हेटौंडा

प्रदेश-३ सरकारले महत्वपूर्ण योजनालाई बढी प्राथमिकतामा राखेको छ। गौरवका योजनालाई बढी प्राथमिकता दिएर काम सञ्चालन गरिने भएको हो। सरकारद्वारा प्रस्तुत बजेटबाट बढीजसो विकासलाई प्राथमिकता दिएर काम गरिने भएको छ।

आउँदो आर्थिक वर्षका लागि ल्याइएको बजेटले बढी प्राथमिकता विकास निर्माणका काम र गौरवका योजनालाई दिइएको छ। प्रदेश सरकारले प्रस्तुत गरेको कुल ३५ अर्ब ६१ करोड ५६ लाख बजेटमध्ये चालुतर्फ ३८.९२ प्रतिशत र पुँजीगततर्फ ६१.०८ प्रतिशत छ।

प्रदेश सरकारले १३ वटै जिल्लाका १ सय १९ वटा स्थानीय तहलाई विभिन्न अनुदान शीर्षकमा ५ अर्ब २८ करोड २ लाख (१४.८५ प्रतिशत) अन्तरसरकारी वित्त हस्तान्तरण भएको छ। जसमा ७४ गाउँपालिकातर्फ २ करोडभन्दा कम अनुदान प्राप्त गर्ने ४ वटा, २ करोडदेखि ३ करोडसम्म पाउने ३४ वटा, ३ करोडदेखि ४ करोडसम्म पाउने १८ वटा, ४ करोडदेखि ५ करोडसम्म पाउने ७ वटा, ५ करोडदेखि माथि पाउने ११ वटा छन्।

गाउँपालिकामध्ये सबैभन्दा बढी अनुदान पाउने धादिङको रुविभ्यालीले ८ करोड ८१ लाख ५६ हजार र सबभन्दा कम अनुदान पाउने रामेछापको लिखुले १ करोड ९७ लाख २२ हजार पाएका छन्।

४५ नगरपालिकातर्फ ५ करोडभन्दा कम अनुदान प्राप्त गर्ने २६ वटा, ५ करोडदेखि १० करोड पाउने १५ वटा, १० करोडदेखि माथि पाउने ४ वटा रहँदा नगरपालिकातर्फ सबैभन्दा बढी काठमाडौंले २६ करोड ७५ लाख ४० हजार र सबभन्दा कम अनुदान प्राप्त गर्ने दक्षिणकालीले २ करोड ४० लाख ९ हजार पाएको छ। बजेटमार्फत् निर्वाचन क्षेत्र विकास वा त्यस्तै प्रकृतिको कुनै कार्यक्रमलाई सम्बोधन नगरिएको मुख्यमन्त्री डोरमणि पौडेलका स्वकीय सचिव अनुप पौडेलले बताउनुभयो।

सरकारले सशर्त अनुदानका रुपमा उपलब्ध गराएको १० अर्ब ६१ करोड ५६ लाखलाई समेत आम्दानी बाँधेर सम्बन्धित मन्त्रालयको खर्च शीर्षकमा बिनियोजन गरिएको छ। उक्त रकममा भौतिक पूर्वाधार मन्त्रालयलाई ७ अर्ब ७७ करोड बिनियोजन गरिएको छ। बजेटमा भौतिक पूर्वाधार विकास मन्त्रालयलाई ३७.४१ प्रतिशत, सामाजिक विकास मन्त्रालयलाई ११.८४ प्रतिशत, पर्यटन, उद्योग, वन तथा वातावरण मन्त्रालयलाई १०.११ प्रतिशत, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई ८.३२ प्रतिशत रकम बाँडफाँड गरिएको छ। आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ४.१६ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयले ३.२८ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्ले १.६२ प्रतिशत, प्रदेशसभा सचिवालयले १.०७ प्रतिशत, प्रदेश नीति तथा योजना आयोगले ०.१४ प्रतिशत, मुख्य न्यायाधीवक्ता कार्यालयले ०.०७ प्रतिशत, अन्तरसरकारी वित्त व्यवस्थाले १४.८५ प्रतिशत र अर्थ बजेट ७.०१ प्रतिशत छ।

आव २०७५/०७६ भित्र प्रदेशका महत्वपूर्ण १ सयभन्दा बढी योजनाको डीपीआर र ५० भन्दा बढी योजनाको सम्भाव्यता अध्ययनका लागि ३५ करोड रकम भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत् विनियोजन गरिएको उहाँले जनाउनुभयो।

प्रदेश सरकारले पोष्टबहादुर बोगटी, भीमफेदी-कुलेखानी शुरूङमार्ग र नुवाकोटको गणेस्थान–वेत्रावती शुरूङमार्ग सम्भाव्यता अध्ययन तथा डीपीआरका लागि आवश्यक रकम छुट्याएको छ। मुख्यमन्त्री ग्रामीण सडक कार्यक्रमअन्तर्गत् प्रत्येक जिल्ला सदरमुकाम वा नजिकको लोकमार्गदेखि स्थानीय तहको मुकामसम्म सडकलाई तीन वर्षभित्र स्तरोन्नति गर्दै कालोपत्रे गरिने प्रदेश सरकारको दाबी छ।

> चीनबाट हुने आयातमा भने दुरसञ्चारका सामाग्रीहरु, विद्युतीय उपकरणहरु, मेशिनरी तथा पार्टपुर्जा, स्याऊ तथा रासायनिक मल जस्ता वस्तुहरु प्रमुख रहेका छन्। युएईबाट भने सुन, चाँदी, प्लाष्टिकको कच्चापदार्थ, लुव्रिकेटिङ तेल र चकलेट जस्ता वस्तुहरु ठुलो मात्रामा आयात भएको देखिन्छ।




## १० खर्ब नाघ्यो व्यापारघाटा

# निर्यात १० दशमलव १५ प्रतिशतले घट्यो

हेमन्त जोशी, काठमाडौं

वार्षिक रूपमा वैदेशिक व्यापारमा वृद्धि भएसँगै मुलुकले बेहोर्दै आएको व्यापारघाटा पनि बढ्दै गएको छ। चालू आर्थिक वर्षको ११ महिनामा व्यापारघाटा १० खर्ब नाघेको छ। भन्सार विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्षको जेठ मसान्तसम्ममा कुल वैदेशिक व्यापारमा मुलुकले १० खर्ब ३२ अर्ब ३२ अर्ब ६८ लाख ५० हजार रुपियाँ बराबरको व्यापारघाटा बेहारेको छ।

निर्यातको तुलनामा आयात हुने वस्तुको परिणाम उच्च हुँदा नेपालको वैदेशिक व्यापारको अवस्थामा सन्तुलन कायम हुन सकेको छैन। गत आर्थिक वर्ष २०७३/७४ मा मुलुकले कुल ९ खर्व ११ अर्ब रुपियाँ बराबरको व्यापारघाटा बेहोरेको थियो। गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षको ११ महिना अवधिमा व्यापारघाटा २४ दशमलव ९० प्रतिशतले बढेको देखिन्छ।

चालू आर्थिक वर्षको ११ महिना अवधिमा ११ खर्ब ८० अर्ब ९६ करोड ७३ लाख ३६ हजार रुपियाँ बराबरको कुल वैदेशिक व्यापारमा मुलुकले करिब ७३ अर्ब ३२ करोड २ लाख रुपियाँ बराबरको मात्र निर्यात गरेको छ। कुल वैदेशिक व्यापारमा ९३ दशलमव ७ प्रतिशत आयात र ६ दशमलव ३ प्रतिशत निर्यातको योगदान रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कुल वैदेशिक व्यापारमा आयातको योगदान शून्य दशमलव ७६ प्रतिशतले बढेको छ भने निर्यातको योगदान १० दशमलव १५ प्रतिशतले घटेको छ।

यस अवधिमा नेपालले छिमेकी मुलुक भारतसँग मात्र ६६ दशमलब २ प्रतिशत व्यापारघाटा बेहोरेको छ। ११ महिनामा भारतसँग मात्र ७ खर्ब ७४ अर्ब ७८ करोड २७ लाख रुपियाँ बराबरको वैदेशिक व्यापार गरेकामा मुलुकले ७ खर्ब ३२ अर्ब ३१ करोड ८० लाख रुपियाँ बराबरको आयात र ४२ अर्ब ४६ करोड ४७ लाख रुपियाँ बराबरको निर्यात गरेको छ। यसरी हेर्दा भारतसँगको व्यापारघाटा मात्र ६ खर्ब ८९ अर्ब ८५ करोड ३२ लाख रुपियाँ नाघेको छ। गत आर्थिक वर्षमा भारतसँगको व्यापारघाटा करिब ६ खर्ब रुपियाँ बराबर मात्रै थियो।

**विगत ५ वर्षदेखि वैदेशिक व्यापार र व्यापारघाटाको स्थिति**

| आ.व. | कुल वैदेशिक व्यापार (रू.) | व्यापारघाटा (रू.) |
|---|---|---|
| २०६९/७० | ६ खर्ब ९१ अर्ब ३ करोड ८२ लाख १५ हजार | ५ खर्ब ३६ अर्ब ६४ करोड ३४ लाख ६२ हजार |
| २०७०/७१ | ८ खर्ब ५ अर्ब ७५ करोड २५ लाख ८० हजार | ६ खर्ब २६ अर्ब ५० करोड १७ लाख ८९ हजार |
| २०७१/७२ | ८ खर्ब ७१ अर्ब ३८ करोड ६१ लाख ५७ हजार | ७ खर्ब ९९ करोड ६६ लाख ४९ हजार |
| २०७२/७३ | ८ खर्ब ४४ अर्ब ९६ करोड ६४ लाख ४२ हजार | ७ खर्ब ४ अर्ब ४५ करोड ८१ लाख १२ हजार |
| २०७३/७४ | १० खर्ब ५८ अर्ब ७८ करोड ४ लाख ६५ हजार | ९ खर्ब ९ अर्ब ३५ करोड ५१ लाख ५२ हजार |
| २०७४/७५ (११ महिना) | ११ खर्ब ८० अर्ब ९६ करोड ७३ लाख ३६ हजार | १० खर्ब ३२ अर्ब ३२ करोड ६८ लाख ४९ हजार |

*स्रोत : भन्सार विभाग*

- कुल वैदेशिक व्यापारमा ९३ दशमलव ७ प्रतिशत आयात र ६ दशमलव ३ प्रतिशत निर्यात।
- १ खर्ब ७५ अर्ब ८७ करोड रुपियाँ बराबरको पेट्रोलियम पदार्थमात्र आयात।
- भारतसँगमात्र ६६ दशमलव २ प्रतिशत आयात र ५७ दशमलव १ प्रतिशत निर्यात।
- वीरगन्ज नाकाबाट मात्र ३४ दशमलव २८ प्रतिशत आयात।
- कुल निर्यातको ३० दशमलव १५ प्रतिशत वस्तु निकासी गर्दै विराटनगर ठूलो निर्यात गर्ने भन्सार नाका।

त्यस्तै नेपालसँग दोस्रो ठूलो वैदेशिक व्यापार गर्ने देश चीनसँग कुल व्यापार घाटाको १३ दशमलव ५७ प्रतिशत अंश घाटा रहेको छ। कुल आयातको १२ दशमलव ९ प्रतिशत अर्थात् १ खर्ब ४३ अर्ब १३ करोड ६ लाख रुपियाँ र कुल निर्यातको ४ प्रतिशत अर्थात् ३ अर्ब रुपियाँ बराबरको निर्यात गर्दा व्यापारघाटा १ खर्ब ४० अर्ब १३ करोड रुपियाँ बराबर देखिन्छ। गत आर्थिक वर्षमा चीनसँग १२ दशमलव ४२ प्रतिशत अर्थात् १ खर्व ३१ अर्ब ५७ करोड ९८ लाख ९५ रुपियाँ बराबरको कुल व्यापारमा व्यापारघाटा १ खर्ब २८ अर्ब १७ करोड ६९ लाख रुपियाँ बराबर रहेको थियो।

११ महिना अवधिमा भियतनाम नेपालसँग वैदेशिक व्यापार गर्ने तेस्रो ठूलो मुलुकका रूपमा देखिएको छ। भियतनामसँग १२ अर्ब १९ करोड ६८ लाख रुपियाँ बराबरको आयात र ५८ करोड ३२ लाख ७१ हजार रुपियाँ बराबरको निर्यातबाट कुल १२ अर्ब ७८ करोड रुपियाँ बराबरको वैदेशिक व्यापारमा व्यापारघाटा ११ अर्ब ६१ करोड ३५ लाख रुपियाँ बराबर देखिन्छ। सबैभन्दा ठूलो व्यापारिक नाका वीरगन्जबाट मात्र कुल वैदेशिक व्यापारमा ३४ दशमलव २८ प्रतिशत आयात र १७ दशमलव १२ प्रतिशत निर्यात भएको छ। गतवर्ष कुल निर्यातको १९ प्रतिशत सामान निकासी गरेको सो नाकाबाट चालू आर्थिक वर्षको जेठ मसान्तसम्ममा २ प्रतिशतले निर्यात घटेको देखिन्छ। वीरगन्ज नाकाबाट ३ खर्ब ७९ अर्ब ३७ करोड ६४ लाख रुपियाँ बराबरको आयात र १२ अर्ब ७२ करोड १६ लाख रुपियाँ बराबरको निर्यात भएको छ।

मुलुकको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाकाबाट १ खर्ब २० अर्ब ९० करोड रुपियाँ बराबरको आयात र २० अर्ब ४५ करोड ४० लाख बराबरको निर्यात भएको छ। उक्त अनुपात मुलुकको कुल वैदेशिक व्यापारमा निर्यात २७ दशमलव ५२ प्रतिशत र आयात १० दशमलव ९३ प्रतिशत हो। भन्सार विभागको तथ्यांकअनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आयात गर्ने चौथो ठूलो भन्सार कार्यालय हो भने निर्यातमा दोस्रो ठूलो भन्सार कार्यालयका रूपमा देखिएको छ। तीनवटा भन्सार कार्यालयहरू जलेश्वर, जनकपुर र सिराहाबाट भने निर्यात शून्य देखिएको छ। यस अवधिमा नेपालबाट निर्यात भएका प्रमुख वस्तुहरूमा ऊनी गलैंचा, तयारी पोसाक, मुसुरोको दाल, पोलिस्टर तथा अन्य धागो, टेक्सटाइल, फलाम तथा स्टिल र तिनका उत्पादनहरू मुख्य रहेका छन्। त्यस्तै हस्तकलाका सामानहरू, चाउचाउ, टुथपेस्ट, अलैंची, चिया, अदुवा, नेपाली हातेकागज, छाला, पस्मिना सल, जडिबुटी आदि वस्तुहरूको पनि निर्यात भएको छ।

आयाततर्फ इन्धन, फलाम तथा स्टिल र तिनका उत्पादनहरूको आयातमा झन्डै दोब्बरले वृद्धि भएको छ। ११ महिना अवधिमा १ खर्ब ७५ अर्ब ८७ करोड रुपियाँ बराबरको पेट्रोलियम पदार्थ मात्र आयात भएको छ। नेपालले आयात गर्ने प्रमुख वस्तुहरूमा पेट्रोलियम पदार्थ पहिलो नम्बरमा रहेको छ। पेट्रोलियम पदार्थबाहेक नेपालले भारतबाट फलाम तथा तिनका उत्पादनहरू, यातायातका साधनहरू, मेसिनरी तथा पाटपुर्जा र अन्न प्रशस्त मात्रामा आयात गरेको देखिन्छ।

# उत्पादनमूलक क्षेत्रलाई सरकारको बेवास्ता

नेपाल समाचारपत्र
विराटनगर

सरकारले उत्पादनमुलक क्षेत्रलाई निरुत्साहित पार्ने काम गरेको उद्योगी-व्यवसायीले गुनासो गरेका छन्। पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको उपस्थितिमा उद्योग संगठन मोरङले आयोजना गरेको संगठनका नवनिर्वाचित पदाधिकारीहरूको पदस्थापन समारोहमा उद्योगीहरूले उत्पादनमूलक क्षेत्रलाई प्रोत्साहित नगरेसम्म रोजगारी सिर्जना र मुलुकको व्यापारघाटा कम हुन नसक्ने दाबी गरेका हुन्।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले सरकारले ल्याएको बजेटमा समेत उत्पादनमूलक क्षेत्रलाई बेवास्ता गरेको बताउनुभयो। 'उत्पादनमुलक क्षेत्रमा लगानी नथपिएसम्म नयाँ रोजगारी सिर्जना र व्यापारघाटा कम हुन सक्दैन,' गोल्छाले भन्नुभयो-'समृद्धिको सपना पूरा गर्न सरकारले निजी क्षेत्रलाई प्रोत्साहित गर्नैपर्छ।' आर्थिक समृद्धिको अभियानमा सरकारसँगै अगाडि बढ्न निजी क्षेत्र तयार रहेको उहाँले प्रस्ट पार्नुभयो। गोल्छाले हाल निजी क्षेत्रका लागि तीनवटा मुख्य समस्या रहेको उल्लेख गर्दै जग्गा प्राप्ति, बैंकको चर्को ब्याजदर र नीति नियमको अभाव लगानीका मुख्य समस्या भएको गोल्छाले बताउनुभयो। 'विगतमा विद्युत् र चन्दा आतंक मुख्य समस्या थिए, अब ती समस्यामा कमी आए पनि अन्य समस्याले उद्योगीलाई सताएको छ।' गोल्छाको भनाइ थियो

जग्गा अभावकै कारण उद्योगीहरूले नयाँ उद्योग स्थापना गर्न सकेका छैनन्। आफूसित भएको पुँजी जग्गा खरिदमै खर्च हुँदा बैंकबाट चर्को ब्याजमा ऋण लिएर उद्योगमा लगानी गर्ने पक्षमा उद्योगी-व्यवसायी नरहेको गोल्छाले प्रस्ट पारे। मोरङ-सुनसरी औद्योगिक क्षेत्रमा पनि जग्गाको अत्याधिक मूल्यवृद्धिका कारण थप लगानी गर्न नसकिएको उद्योगी-व्यवसायीहरूले बताउँदै आएका छन्।

महासंघका पूर्वअध्यक्ष चण्डीराज ढकालले सरकार अझै पनि निजी क्षेत्रप्रति अनुदार रहेको बताउनुभयो। 'पहिला थुन्ने अनि सुन्ने परिपाटीमा सरकार लागेको छ,' ढकालले भन्नुभयो-'पहिला सुन्नुपर्छ भनि गलत गरेको रहेछ भने थुन्नुपर्छ।' उनले निजी क्षेत्रमैत्री बजेट आउन नसकेको बताउनुभयो। संगठनका नवनिर्वाचित अध्यक्ष भीम घिमिरेले तीनै तहको सरकारसँग सहकार्य गरेर अगाडि बढ्न निजी क्षेत्र तयार रहेको बताउनुभयो। उहाँले सरकारी र निजी क्षेत्रको सहकार्यबिना आर्थिक समृद्धि हासिल नहुने दाबी गर्नुभयो। मोरङ व्यापार संघका अध्यक्ष पवनकुमार सारडाले बहुमत प्राप्त वर्तमान सरकारसँग निजी क्षेत्रले थुप्रै आशा राखे पनि बजेटमार्फत उपेक्षा गरेको गुनासो पोखे। 'कसरी हुन्छ बढीभन्दा बढी रोजगारी सिर्जना र निर्यातमूलक उद्योगलाई आकर्षित गर्ने नीति आवश्यक छ,' उहाँले भन्नुभयो-'अब तीनै तहको सरकारले यस विषयमा ध्यान दिनुपर्छ।'

उद्योगी-व्यवसायीको गुनासो सुनिसकेपछि पूर्वप्रधानमन्त्री नेपालले सरकार सबै किसिमको वेथितिको अन्त्य गर्न लागिपरेको बताउनुभयो। व्यतिथि अन्त्यपछि उद्योगी व्यवसायीका समस्या हुने उनको भनाइ थियो। 'वेतिथिले हद नाघेको छ,' उहाँले भन्नुभयो-'अहिलेकै जस्तो हरेक क्षेत्रमा वेथिति रहेसम्म लगानी आउँदैन।' कार्यक्रममा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डित, राष्ट्रियसभाका सांसद रमेशजंग रायमाझी, प्रदेश-१ का सामाजिक विकासमन्त्री जीवन घिमिरे, संघका पूर्वअध्यक्ष सुशील धनावत, निवर्तमान अध्यक्ष मुकेश उपाध्यायलगायतले उद्योगी व्यवसायी हक अधिकारका विषयमा विचार व्यक्त गरेका थिए।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष भीम घिमिरेसहित वरिष्ठ उपाध्यक्षमा सुयष प्याकुरेल, उपाध्यक्षमा (कोष) मा प्रदीप मुरारका, उपाध्यक्ष (कृषि, जलस्रोत र ऊर्जा) मा राजकुमार गोल्छा र उपाध्यक्ष (रोजगारदाता) मा राकेश सुरानालाई पदस्थापन गराइएको थियो। त्यसैगरी कार्यकारिणी समिति सदस्यहरूमा संजयकुमार अग्रवाल, सुबोध कोइराला, भोलेश्वर दुलाल, तारानाथ निरौला, सुनिलकुमार धनावत, नारायणप्रसाद मुन्दडा, विपीन काबरा, विनोद पौडेलले पनि पदभार ग्रहण गरे।

नवनिर्वाचित अध्यक्ष घिमिरेले संगठनको विधानअनुसार १ महिलासहित चारजनालाई मनोनयन गरे। मनोनित हुनेमा उद्योगी नन्दकिशोर राठी, सुरेन्द्र गोल्छा, इन्द्र खत्री (राजन) र प्रतिभा रिजाल रहेका छन्।



Available at:
HOME FURNISHERS PVT. LTD.
होम फर्निशर्स प्रा. लि.
"The Ultimate Bath Solution"
Showroom Location:
Tripureswor (Way to Thapathali)
Call at 4254601/ 4262240
Email: homefurnishers.nepal@gmail.com

# पेट्रोलियम भण्डारण क्षमता बढाउन माग

बुटवल, (नेस)

नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघका अध्यक्ष खगेश्वर बोहोराले नेपाल आयल निगमको मुलुकभर रहेका डिपोको भण्डारण क्षमता बढाउन माग गर्नु भएको छ। ४० वर्ष पहिले बनाइएको नेपाल आयल निगमको डिपोको भण्डारण क्षमता नबढाउँदासम्म नयाँ ट्यांकर थप्न पनि समस्या हुने भएको भन्दै भण्डारण क्षमता बढाएर थप नयाँ ट्यांकर ल्याउन निगम गम्भीर हुनुपर्नेमा अध्यक्ष बोहोराले जोड दिनुभयो।

पश्चिमाञ्चल ट्यांकर व्यवसायी संघको शनिबार मणिग्राममा भएको १२औं वार्षिक साधारणसभामा बोल्दै अध्यक्ष बोहोराले सरकारले बिना गृहकार्य ल्याएको यातायात क्षेत्रको आलोपालो प्रणालीको अन्त्यले सरकार नै अलमलमा परेको बताउनुभयो। आउँदो साउन १ गतेदेखि यातायातसँग सम्बन्धित संघ सस्थाहरूको नवीकरण नगर्ने भनी सरकारले गरेको घोषणाले मुलुकको यातायात क्षेत्रमा अन्योलता पैदा भएको उहाँले बताउनुभयो। सरकारले गठन गरेको कार्यदलको निर्णय तत्काल सार्वजनिक गरी सोही कार्यदलको सुझावका आधारमा यातायात क्षेत्रलाई अगाडी सञ्चालन गर्ने व्यवस्था मिलाउन समेत उहाँले माग गर्नुभयो। पेट्रोलियम पदार्थको ढुवानीमा लागू गरिएको लकिङ प्रणालीले अब चुहावट नियन्त्रणमा टेवा पुर्याउने बताउँदै उहाँले लकिङ प्रणालीले गुणस्तर र क्वालिटिको समेत ग्यारेन्टी गर्ने धारणा राख्नुभयो। नेपाल पेट्रोलियम डिलर्स एसोसिएसनका अध्यक्ष लीलेन्द्र प्रधानले पेट्रोलियम व्यवसायीले पेट्रोलियम पदार्थ खुल्ला रुपमा बिक्री वितरण गर्न पाउनु पर्ने भन्दै चोरी पैठारी र अपचलन भएमा त्यसको नियन्त्रण गर्ने काम प्रशासनको भएको बताउनुभयो।

उहाँले आपूर्ति व्यवस्था सहज र बिक्री वितरण सरल नहुँदासम्म पेट्रोलियम पदार्थको व्यवसाय गर्नेलाई नागरिक समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आउन नसक्ने दाबी गर्नुभयो। नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघका महासचिव विश्व अर्यालले लोकतन्त्रमा व्यवसायी संगठित हुन पाउने अधिकारलाई ध्यानमा राखी यातायात व्यवसायीका संघ संस्थालाई निर्वाध रुपमा सञ्चालनको व्यवस्था मिलाई दिन सरकारसँग माग गर्नुभयो।

पश्चिमाञ्चल ट्यांकर व्यवसायी संघका वरिष्ठ सल्लाहकार चोपनारायण श्रेष्ठले सरकारले यातायात व्यवसायीको समस्या बुझ्न नसक्दा व्यवसायीलाई पेशा व्यवसायमा चुनौती आईपरेको बताउनुभयो। पश्चिमाञ्चल ट्यांकर व्यवसायी संघका अध्यक्ष राकेश कुमार कसौधन, पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एशोसिएसनका अध्यक्ष प्रेम न्यौपानेलगायतले धारणा राख्नुभएको थियो।

हार्दिक बधाई

अजोड इन्स्योरेन्स लिमिटेड
AJOD Insurance Limited

नेपाली निर्जीवन बीमा बजारमा अजोड इन्स्योरेन्स लिमिटेडले व्यावसायिक कारोबारको स्वीकृति प्राप्त गरी सेवा शुभारम्भ गरेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं।

उत्कृष्ट बीमा योजनाहरु सहितको गुणस्तरीय सेवा प्रदान गरी निर्जीवन बीमाको क्षेत्रमा नयाँ आयाम थप्न कम्पनीलाई सफलता प्राप्त होस्

हाम्रो शुभकामना !

BBSM (ESTD. 1984 AD)
भाट-भटेनी सुपर मार्केट
www.bbsm.com.np | www.bhatbhatenionline.com

ADMISSION OPEN
for GRADE XI
+2 Science Management Humanities
Other Program: BBS (TU)
SHAPING GLOBAL Leaders



UPTO 100% SCHOLARSHIPS TO DESERVING STUDENTS

Why should you choose Columbus ?
- Intensive learning on par with global standards
- Techno-friendly classroom with interactive smart boards & audio-visual systems
- NEB syllabus integrated with engineering/ medical entrance exam preparation
- Expert faculty team from South India
- Special support sessions for slow learners
- Periodic online and offline tests
- Career guidance and Mentoring

"Committed to academic excellence"
Columbus HSS | COLLEGE
An initiative of Pandey Group

New Baneshwor (Way to Shankhamul), Kathmandu
Tel: +977 1 4781747/4784883
E-mail: info@columbus.edu.np
/columbus.edu.np
Under the New Management